SA ICT
website upload गर्नु

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख बिभाग

# मालपोत कार्यालय,

मेहेलकुना सुर्खेत

## भू-सेवा केन्द्र सञ्चालन अनुमतिका लागि अनलाईन फारम निवेदन सम्बन्धी सूचना ।।

सूचना प्रकाशित मिति- २०७७/११/४

उपर्युक्त सम्बन्धमा भूमि व्यवस्थापन तथा अभिलेख बिभाग बबरमहल काठमाडौंबाट २०७७ साल माघ १४ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवाकेन्द्र सञ्चालन निर्देशिका २०७६ लागु गर्नु पर्ने भएको हुँदा मालपोत नियमावली २०३६ (संसोधन सहित) को नियम २३(क) र २३(ख)बमोजिम भू- सेवा केन्द्र सञ्चालन सम्बन्धि आवश्यक योग्यता पुगेका र भू-सेवाकेन्द्र सञ्चालन निर्देशिका २०७६को दफा (७) मा तोकिए बमोजिम भौतिक पुर्वाधार पुगेका ईच्छुक व्यक्ती, बैंक तथा वित्तिय संस्था अन्य संस्था, तथा स्थानिय तहहरुले अनुमति लिनका लागि मिति २०७७/११/५ गते देखि २०७७/१२/५ गते सम्म https://public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरि सो संग सम्बन्धीत सकल कागजात यस कार्यालयमा पेश गर्नुहुन सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

### भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने योग्यता

१. भू-सेवा केन्द्र सञ्चालन गर्ने व्यक्तिगत हकमा

क. नेपाली नागरिता,
ख. १८ वर्ष पूरा भएको,
ग. कम्प्युटर बिषय लिई कम्तीमा दश जोड दुई उतिर्ण गरेको वा अन्य बिषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको,
घ. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको,
ङ. भू-सेवा केन्द्र संचालन सम्बन्धी दफा ७ बमोजिमको भौतिक पुर्वाधार भएको र
च. नैतिक पतन देखिने फौजदारी कसुरमा वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको ।

२. भू- सेवा सञ्चालन गर्ने संस्थाको हकमा

क. नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको .
प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,
ख. नेपाली नागरिकले स्थापना र संचालन गरेको,
ग. संस्थामा काम गर्ने कम्तीमा एक जना जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा दश जोड दुई उतिर्ण गरेको वा अन्य बिषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको,

ग. प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको,

ङ. करचुक्ताको प्रमाणपत्र भएको र

च. भू-सेवा केन्द्र संचालन सम्बन्धी दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको ।

३ भू-सेवा सञ्चालन गर्ने कानून व्यवसायी वा लेखापढीको हकमा

क. कानून व्यवसाय वा लेखापढी व्यवसायको प्रमाणपत्र भएको,

ख. नेपाली नागरिक,

ग. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको र

घ. भू-सेवा केन्द्र संचालन सम्बन्धी दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको ।

४ .साधारण प्रयोगकर्ता र पटके प्रयोगकर्ताको हकमा

क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको हुनु पर्ने छ ।

५. स्थानिय तहको हकमा

क. भू-सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पूर्वाधार भएको ।

ख. स्थानिय तहले भू-सेवा केन्द्र सञ्चालन गरिपाँउ भनि मालपोत कार्यालय मेहेलकुना सुर्खेतमा पत्राचार गर्नु पर्ने ।

## दफा ७ बमोजिम भू-सेवा सञ्चालनको लागि चाहिने पूर्वाधार

क. कम्प्यूटर,

ख. प्रिन्टर,

ग. पावर ब्याकअप सिस्टम,

घ. स्क्यानर,

ङ. भू-सेवा प्रणालीसंग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाईस, वेव क्यामेरा, तथा दस्तखत मेसिन र

च. कम्तिमा २/२ MBPS को Internet Connectivity


फोन-०८३५२०१०३, फ्याक्स-०८३५२०१०५ Email: [illegible]

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय,

मेहेलकुना सुर्खेत

visit nepal 2020

## अनुमति पत्रको दस्तुर, धरौटी, अवधि तथा नविकरण सम्वन्धी व्यवस्था

क. साधारण प्रयोगकर्ताले यूजर एकाउन्ट खोल्नको लागि यस मालपोत कार्यालय मेहेलकुना सुर्खेतमा रु ५००। अक्षेरुपी पाच सय रुपैया दस्तुर बुझाउनु पर्ने छ र प्रत्येक दश वर्षमा नविकरणको लागि एक सय रुपैया दस्तुर बुझाउनु पर्ने छ ।

ख. साधारण प्रयोगकर्ताले यूजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वतः निस्कृय हुने छ ।

ग. भू- सेवा केन्द्र सञ्चालन सम्बन्धी अनुमति लिन देहाय बमोजिमको दस्तुर लाग्ने छ ।

अ. व्यक्तिको हकमा रु. ३०००। अक्षेरुपी तीन हजार रुपैया मात्र ।

आ. संस्थाको हकमा रु. ५०००। अक्षेरुपी पाँच हजार रुपैया मात्र ।

इ. स्थानिय तहलाई भू-सेवा केन्द्र सञ्चालनको लागि अनुमति लिनलाई र नविकरण गर्नलाई कुनै दस्तुर लाग्ने छैन ।

घ. भू- सेवा केन्द्र सञ्चालन सम्बन्धी अनुमति लिन व्यक्ति वा संस्थाले को.ले.नि.का. सुर्खेतको धरौटी खाता नं. ४०८०१००१०२०३०००० मा देहाय बमोजिमको धरौटी रकम जम्मा गरी भौचर पेश गर्नु पर्ने । बैंक ग्यारेन्टीको हकमा चालु आर्थिक बर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

अ. व्यक्तिको हकमा रु. ५०,०००। अक्षेरुपी पचास हजार रुपैया मात्र ।

आ. संस्थाको हकमा रु २,००,०००। अक्षेरुपी दुईलाख रुपैया मात्र ।

ङ. अनुमति पत्र नविकरण गराउन चाहाने व्यक्ति वा संस्थाले अवधि समाप्त हुनु अघि रु तीन हजार दस्तुर तिरी नविकरण गराउनु पर्ने छ ।

च. भू-सेवा केन्द्र सञ्चालन अनुमति पत्रको अवधि एक आर्थिक बर्षको हुने छ तर पहिलो पटक सूचना भएको हकमा असार मसान्त सम्म हुने छ ।

सूचना अनुसार प्राप्त निवेदनहरुको छानविन एंम अनुगमन गरि भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ५ अनुसार अनुमति पत्र जारी गरिने छ ।

यस सूचनामा उल्लेख नभएका विषय वस्तुको बारेमा भू-सूचना केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुने छ ।



प्रमाणित